# माङसेबुङगाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
इभाङ, इलाम

पत्र संख्या : २०८१/०८२ कोशीप्रदेश, नेपाल
च. नं.: ७१६ मिति : २०८१/१०/११

**विषय :साझेदारी कार्यक्रम सञ्चालनकालागि प्रस्तावनाआह्वान सम्बन्धी सूचना ।**

यस गाउँपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन गर्न बनेको "माङसेबुङ गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९"बमोजिम साझेदारीमा कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका ईच्छुक टोल विकास संस्था वा उपभोक्ता समितिबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र तपशील बमोजिमका विवरणहरु सहित प्रस्तावना पेश गर्न आह्वान गरिएको छ । योग्यता नपुगेका र आवश्यकी ववरणहरु संलग्न नभएको प्रस्तावलाई छनौट गर्न कार्यालय बाध्य हुने छैन ।

लागत साझेदारी कार्यक्रम सञ्चालन गर्न इच्छुक टोल विकास संस्था वा उपभोक्ता समितिले परियोजना सँग सम्बन्धित सञ्चालन खर्च जस्तैः कर्मचारी तलब, भत्ता, सुविधा, कार्यालय सञ्चालन र व्यवस्थापन आदि आफैंले व्यवस्थापन गर्नु पर्नेछ । प्रस्ताव पेश गर्न इच्छुक उपभोक्ता समितिले प्रस्तावित परियोजनाको कार्य क्षेत्र, परियोजना अवधि आदिबारे जानकारी गाउँपालिकाको पूर्वाधार विकास शाखाबाट प्राप्त गर्न सक्नेछ ।

**प्रस्तावना पत्रका साथ संलग्न गर्नुपर्ने कागजातहरु :**

- साझेदारी कार्यक्रम गर्ने सम्बन्धमा टोल विकास समितिको निर्णयको माइन्युट वा उपभोक्ता समिति गठन गरेको माइन्युट,
- टोल विकास संस्था वा उपभोक्ता समितिमा रहेका व्यक्तिहरुको नेपाली नागरिकताको प्रतिलिपि, मालपोत बुझाएको रसिदको प्रतिलिपि,
- परियोजनाको प्राविधिक प्रस्तावना र आर्थिक प्रस्तावना माङसेबुङ गाउँपालिका साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९ को अनुसुची १ बमोजिमको ढाँचामा अलग अलग खाम मा शिलबन्दी गरिएको १/१ प्रति ।
- सम्बन्धित वडाको सिफारिस
- परियोजनाको प्राविधिक तथा आर्थिक प्रस्तावनाको ढाँचा यस गाउँपालिकाको वेबसाइट www.mansebungmun.gov.np बाट डाउनलोड गरी वा गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिने छ ।

**साझेदारी कार्यक्रम संचालनहुने क्षेत्र देहायअनुसार हुनेछन्-**

क) शिक्षा

ख) स्वास्थ्य

ग) कृषि

घ) पशु विकास

ङ) भौतिकपूर्वाधार

दिलशेर राई
प्रमुख प्रशासकीय अधिकृत

च) विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन

छ) खानेपानी तथा सरसफाइ

ज) रोजगारी तथा स्वरोजगार सृजना

झ) सामाजिक संरक्षण, पुनःस्थापना र सचेतना

ञ) वन तथा वातावरण संरक्षण

ट) संस्थागत विकास तथा सुशासन

ठ) सहकारी संस्थाहरुको सबलीकरण

ड) स्थानीय उत्पादनको बजारीकरण

ढ) धार्मिक तथा पर्यटकीय क्षेत्र, सामुदायिक भवन, खेलमैदान तथा कभर्डहल निर्माण

सम्पर्क नं. ९८५२६८५४४५ ईमेल mangsebung.ruralmun@gmail.com वेबसाइट : www.mansebungmun.gov.np

०८/११/०११९

दिलशेर राई

प्रमुख प्रशासकीय अधिकृत